**मितिः २०८२।०७।२९ (November 15, 2025)**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि को दोश्रो नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङको अध्यक्षता ग्रहण गरिरहनु भएका आदरणीय डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यू, विभिन्न डिष्ट्रिक्टबाट प्रतिनिधित्व गर्नुहुने आदरणीय लायन लिडरज्यूहरु, क्याविनेटका पदाधिकारीज्यूहरु, लायन साथिहरु, लियो भाई बहिनीहरु तथा उपस्थित अतिथिज्यूहरु,

आज मिति २०८२ साल कार्तिक महिना २९ गते शनिवार तदनुशार नोभेम्वर १५, २०२५ को दिन पुर्वी पहाडी जिल्ला संखुवासभाको सुन्दर नगरी खाँदवारी नगरपालिकाको सभाहलमा सम्पन्न हुन गईरहेको लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि को दोश्रो नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङमा यहाँहरु सवैलाई न्यानो स्वागत तथा अभिवादन व्यक्त गर्दछु । लायन्स अन्तर्राष्ट्रियका अध्यक्ष लायन ए।पि। सिंहको नारा "Lead to Serve, Serve to Lead" र डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यको नारा "Exultant Lion" लाई चरितार्थ गर्न लायन बर्ष २०२५।२६ मा लिएको लक्ष्य प्राप्तिको लागि हामि सेवा गर्छौं "We Serve" भन्ने मूल मर्मलाई अत्मसात गर्दै यहाँहरुको सानिध्यमा काम गर्ने अवसर प्राप्त हुनु मेरोलागि अत्यन्त गर्वको बिषय बनेको छ । डिष्ट्रिक्ट ले लिएको लक्ष्य प्राप्तिगर्न तन मन र बचनले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सम्पूर्ण लायन लिडरज्यूहरु, लायन साथिहरु तथा लियो भाईबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

आजको यस कार्यक्रमको उत्कृष्ट व्यवस्थापन तथा आतिथ्यताकोलागि आयोजक क्लबहरुलाई हर्दिक धन्यवाद ज्ञापन गर्दछु साथै क्यविनेट सचिवको रुपमा काम गर्ने क्रममा मलाई साथ सहयोग र हौसला प्रदान गर्नुहुने भाईस डिष्ट्रिक्ट गभर्नर ज्यूहरु, क्याविनेट ट्रेजररज्यू, डिष्ट्रिक्ट एडमिन, ग्याट टिमका साथिहरु लगायत सम्पूर्ण लायन साथिहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

लायन बर्ष २०२५।२६ को शुरुवात देखि पहिलो नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङ सम्पन्न हुनु अगाडी भएका गतिविधिहरुको समग्र प्रतिवेदन मिति २०८२।०५।१४ मा सम्पन्न प्रथम नियमित क्याविनेट मिटिङमा प्रश्तुत गरि सकिएको छ । यसर्थ यस प्रतिवेदनमा पुनरावृत्ती गरिएको छैन । अब म पहिलो नियमित क्याविनेट बैठक देखि हाल सम्म भएका समग्र गतिविधिहरुको प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**क्यविनेट पदाधिकारीहरुको पदस्थापन तथा पहिलो नियमित क्याविनेट वैठक सम्पन्नः**

मिति २०८२ साल भाद्र महिना १४ गते शनिवार तदनुशार अगष्ट ३०, २०२५ का दिन गोकर्णेश्वर नगरपालिका वडा नं. ५ स्थित छिमेकी पार्टी प्यालेसमा समपन्न कार्यक्रममा प्रमुख अतिथि तथा पदस्थापन अधिकारीको रुपमा कन्स्टिच्यूसनल एरिया लिडर पिआईडी लायन बालकृष्ण बुर्लाकोटीज्यू ले डिष्ट्रिक्टका विभिन्न पदमा रहनु भएका लायन लिडरज्यूहरुलाई एकल तथा संयुक्त रुपमा पदस्थापित गर्नु भयो । कार्यक्रममा विशिष्ठ अतिथिको रुपमा कन्स्टिच्यूसनल एरिया लिडर पिआईडी लायन ई सन्जय खेतानज्यू, विशेष अतिथिको रुपमा एलसिआईएफ एरिया लिडर आइडिई लायन राजन लम्सालज्यू, जिएटी एरिया लिडर लायन शम्भु प्रसाद घिमिरेज्यू, मल्टिपल डिष्ट्रिक्ट काउन्सिल चेयरपर्सन लायन मिलन थापाज्यू लगायत मल्टिपल डिष्ट्रिक्ट र डिष्ट्रिक्टका लायन लिडरज्यूहरुको गरिमामय सहभागिता रहेको थियो । कार्यक्रम एरिया १ का एरिया कोअर्डिनेटर लायन भोलानाथ चौलागाईको संयोजकत्वमा एरिया १ अन्तर्गतका १८ वट क्लबहरुले संयुक्त रुपमा आयोजना गर्नुभएको थियो ।

**राष्ट्र पुनर्निर्माण अभियानमा सहकार्य कार्यक्रमः**

२०८२ साल भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनको क्रममा भएको आगजनी र तोडफोडबाट देशले अकल्पनीय क्षति व्यहोर्नु पर्‍यो । कयौं निर्दोष सर्वसाधारण हरुले ज्यान गुमाए भने कयौं मानिसहरु गम्भिर घाइते भएका थिए । प्रहरी वृत्त तथा प्रहरी पोष्टहरु आगजनी र तोडफोडबाट ध्वस्त भई अहोरात्र समुदायको सुरक्षामा खटिने प्रहरीहरु विस्थापित भएका थिए । प्रहरीहरुको मनोवल गुम्न पुगेको थियो र यसबाट समुदायको शान्ति सुरक्षामा गम्भिर संकट आई पर्‍यो । यस बिषम परिस्थितिमा आन्दोलमा भएको अपुरणीय क्षतिबाट देशलाई माथि उकास्न लायन्स अन्तर्राष्ट्रियले समेत उल्लेखनिय भुमिका खेल्नुपर्छ भन्ने अभिप्रायले लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि द्वारा मातहतका लायन्स क्लबहरु र लायन सदस्यहरुलाई “राष्ट्र पुनर्निर्माण अभियानमा सहकार्य” भन्ने नाराकासाथ पुनःर्निमाणमा जुट्न आह्वान गरिएको थियो । सोहि बमोजिम पुनर्निर्माण

अभियानको लागि लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि अन्तर्गतका लायन्स क्लबहरु तथा लायन सदस्यहरुबाट स्वतःस्फुर्त रुपमा अर्थिक सहयोग संकलन गरी संकलित रकमबाट समुदायमा शान्ति सुरक्षा कायम गर्न खटिने प्रहरीहरुको मनोवल उच्च पार्दै समुदायमा शान्ति सुरक्षाको प्रत्याभुती गराउन प्रहरी वृत्त तथा प्रहरी पोष्टको पुनर्निमाणलाई प्रथमिकतामा राखी कार्य अगाडी बढाउने निर्णय गरि शंकरापुर नगरपालिका, कागेश्वरी मनहरा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, बुढानीलकण्ठ नगरपालिका र कठमाण्डौं महानरपालिकाका विभिन्न स्थानमा रहेका १८ प्रहरी कार्यालयहरुमा मिति २०८२।०६।१२ गते, मिति २०८२।०६।२८ गते, मिति २०८२।०६।३१ गते र मिति २०८२।०७।१६ गते चार चरणमा प्रहरी कार्यालयहरुबाट माग भए अनुशारका आवश्यक सामग्रीहरु हस्तान्तरण गरिएको थियो ।

**हस्तान्तरण गरिएको सामग्रीको विवरण देहाय बमोजिम रहेको छः**

१) कम्प्युटर सेट ४ थान, २) प्रिन्टर ३ थान, ३) फलामको बेन्च ३६ थान, ४) भित्ते घडी १८ थान, ५) प्लाष्टिकको कुर्सी १० थान, ६) अफिस टेवल १ थान, ७) म्याट १० मी., ८) ३ वटा ट्वाईलेट निर्माणको लागि आवश्यक सामग्री, ९) पानि ट्याङ्की १००० लि. ३ थान, १०) औषधि सहितको प्रथमिक उपचार बस्क (फलामको पाताबाट बनेको) ८ थान ।

**जोन मिटिङः**

यस डिष्ट्रिक्ट अन्तर्गत १६ वटा जोन रहेकोमा हाल सम्म १२ वटा जोन चेयरपर्सनहरुले आ-आफ्नो दोश्रो जोन मिटिङ सम्पन्न गर्नु भएको छ । जस मध्ये १० जना जोन चेयरपर्सनज्यूहरुले डिष्ट्रिक्टको कार्य तलिकामा उल्लेख गरिएको समय भित्र र २ जना जोन चेयरपर्सनज्यूले क्याविनेट मिटिङ अगावै जोन मिटिङ सम्पन्न गर्नु भएको छ । जोन १० का जोन चेयरपर्सन लायन शंख नारायण श्रेष्ठज्यूले हाल सम्म आफ्नो कुनै पनी जोन मिटिङ आयोजना गर्नु भएको छैन ।

**पिस पोस्टर कन्टेस्ट २०२५ कार्यक्रम सम्पन्नः**

लायन अन्तर्राष्ट्रियले हरेक बर्ष आयोजना गर्ने अन्तर्राष्ट्रिय स्तरको चित्रकला प्रतियोगिता (पिस पोस्टर कन्टेस्ट २०२५ कार्यक्रम) सम्पन्न गरेको छ । मिति २०८२।०७।२२ गते शनिवार विहान ११ः०० बजे देखी आयोजना गरिएको कार्यक्रममा गोकर्णेश्वर नगरपालिका, काठमाण्डौं महानगरपालिका, र भक्तपुर नगरपालिकाको २९ वटा विध्यालयका ५८ जना विद्यार्थीहरुले प्रतिस्पर्धा गर्नुभएको थियो । ११ बर्ष देखि
१३ बर्ष भित्र उमेर समुहका बालबालिकाहरुले मात्र भाग लिन पाउने प्रतियोगितामा मदन भण्डारी मेमोरियल विद्यालयमा अध्ययनरत विद्यार्थी आङ डोमा शेर्पाले प्रथम पुरस्कार रु. ७०००।-, लिबर्टी एकेडेमीमा अध्ययनरत विद्यार्थी नेहा कार्कीले द्वितिय पुरस्कार रु. ५०००।-, गोकर्णेश्वर लाईट एकेडेमीमा अध्ययनरत बिद्यार्थी आशिका थापाले तृतिय पुरस्कार रु. ३०००।- र सुसंस्कार एकेडेमीमा अध्ययनरत विद्यार्थी प्रस्ना राई र मदन भण्डारी मेमोरियल बिद्यालयमा अध्ययनरत विद्यार्थी रोनिक कटवालले सान्त्वना पुरस्कार रु. १०००।- नगद पुरस्कार प्रप्त गर्नु भएको थियो । प्रथम पुरस्कार प्राप्त गर्न सफल चित्रलाई आवश्यक प्रकृया पुरा गरि प्रतिस्पधाका लागि मल्टिपल डिष्ट्रिक्टमा पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

**लियो डिष्ट्रिक्ट काउन्सिलको पदस्थापन सम्पन्नः**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि का गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यूबाट मिति २०८२।०७।२२ गते शनिवारको दिन आयोजित एक बिषेश समारोहको विच लियो डिष्ट्रिक्ट काउन्सिलको पदस्थापन सम्पन्न भयो । गोकर्णेश्वर नगरपालिका वडा नं. ४ स्थित हिमाली घरमा सम्पन्न कार्यक्रममा उल्लेख्य मात्रामा डिष्ट्रिक्टका लायन लिडरज्यूहरु र लियो सदस्यहरुको उपस्थिति रहेको थियो ।

**जोन, रिजन र एरिया समिक्षा कार्यशाला सम्पन्नः**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि का जोन, रिजन र एरिया अन्तर्गत हाल सम्म सम्पन्न भएका गतिविधिहरुको समिक्षात्मक कार्यशाला सम्पन्न भएको छ । मिति २०८२।०७।२२ गते सम्पन्न कार्यक्रममा ३ मध्ये २ जना एरिया कोअर्डिनेरज्यूहरुको, ८ मध्ये ४ रिजन चेयरपर्सनज्यूहरुको र १६ मध्ये ९ जोन

चेयरपर्सनज्यूहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागि एरिया, रिजन र जोन चेयरपर्सन ज्यूहरुले आ-आफ्नो एरिया, रिजन र जोनको उपलब्धि सहितको प्रतिवेदन पेश गर्नु भएको थियो ।

**पास्ट डिष्ट्रिक्ट गभर्नर्स् मिटिङ सम्पन्नः**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डिका पास्ट डिष्ट्रिक्ट गभर्नर्स् मिटिङ सम्पन्न भएको छ । पास्ट डिष्ट्रिक्ट गभनरज्यूहरु र डिष्ट्रिक्ट गभर्नर, प्रथम तथा द्वितिय भाइस डिष्ट्रिक्ट गभर्नरज्यूहरुको उपस्थितिमा मिति २०८२।०७।१९ गते बुधबार सिद्धार्थ कटेज, तीनकुने, काठमाण्डौंमा सम्पन्न मिटिङमा डिष्ट्रिक्टको प्रगति प्रतिवेदनमाथि छलफल गरी पास्ट डिष्ट्रिक्ट गभर्नरज्यूहरुबाट डिष्ट्रिक्टलाई आवश्यक सल्लाह सुझाव प्राप्त भयो । पास्ट डिष्ट्रिक्ट गभर्नरज्यूहरुको अनुभवबाट डिष्ट्रिक्टले प्राप्त गरेको सल्लाह सुझावबाट डिष्ट्रिक्टले लिएको लक्ष्य हासिल गर्न सहि मार्ग निर्देशन प्राप्त गरेको छ ।

**डिष्ट्रिक्टको हाल सम्मको उपलब्धिहरु**

**१) सेवा सम्वन्धि तथ्याँङ्क**

| विवरण | घोषित लक्ष्य | उपलब्धि | औसत |
|---|---|---|---|
| सेवाका कार्यक्रमहरु | १५०० सेवा कार्य | ९७० सेवा कार्य | ६४.६६% |
| सेवा प्रप्त व्यक्ति संख्या | ३७५००० व्यक्ति | २७५६०७ व्यक्ति | ७३.४९% |
| सेवा समय | १५०००० घण्टा | ४०५१५ घण्टा | २७.०१% |
| लायन पोर्टल रिपोर्टिङ्ग | ९०% | ६७% | ७४.४४% |

**२) सदस्यता सम्बन्धि तथ्याँङ्क**

शुरुवाती सदस्य संख्या १५१० जना

हालको सदस्य संख्या १६३८ जना

| विवरण | घोषित लक्ष्य | उपलब्धि | औसत |
|---|---|---|---|
| सदस्ता थप गर्ने | ६५० जना | १ ६३ जना | २५.०७% |
| सदस्यता खुद बृद्धि | ३५० जना | १२८ जना | ३६.५७% |

घटेको संख्या ३५ जना

**३) क्लब सम्बन्धि तथ्याँङ्क**

शुरुवाती क्लब संख्या ६७ वटा

थप भएको क्लब संख्या ४ वटा

हाल क्लब संख्या ७१ वटा

| विवरण | घोषित लक्ष्य | उपलब्धि | औसत |
|---|---|---|---|
| क्लब थप | १५ वटा | ४ वटा | २०% |

**योगदान सम्बन्धि उपलब्धिहरु**

**१. एलसिआइएफमा गरिएको योगदान विवरण**

| क्र.सं | मिति | क्लबको नाम | दाताको नाम | रकम |
|---|---|---|---|---|
| १ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं बासुकी | लायन विश्वराज रिजाल | $७५० |
| २ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन मेघदत्त रिजाल | $२०५ |
| ३ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन महेश आचार्य | $९६३ |
| ४ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन भुवन चौलागाई | $१०० |
| ५ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन भिमसेन खतिवडा | $२५० |
| ६ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन केशव गौतम | $२५० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं शेयरीङ्ग हर्टस | लायन अमृत कायस्थ | $२५० |
| ८ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं शेयरीङ्ग हर्टस | लायन प्रदिप उदास | $२५० |
| ९ | २०८२।०३।२३ | लायन्स क्लब अफ काठमाण्डौं महाँकाल | लायन रत्न बहादुर श्रेष्ठ | $१०० |
| १० | २०८२।०३।२७ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन माधव प्रसाद घिमिरे | $१००० |
| ११ | २०८२।०४।०९ | लायन्स क्लब अफ काठमाण्डौं होल्पिङ्ग हर्टस् | लायन अमृता भुजेल | $१००० |
| १२ | २०८२।०४।२१ | लायन्स क्लब अफ काठमाण्डौं आकर्षण | लायन नितु जैन | $५०० |
| १३ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र दुलाल | $५० |
| १४ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं आभुषण | लायन क्षितिज खनाल | $१००० |
| १५ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र गजुरेल | $९६३ |
| १६ | २०८२।०५।११ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन बिनोद गजुरेल | $२५० |
| १७ | २०८२।०५।१२ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन ऋषिकेश पुडासैनी | $५० |
| १८ | २०८२।०५।१२ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन गोपाल गुरुङ | $२० |
| **जम्मा** | | | | **$७९५१** |

**एलसिआइएफमा योगदान गर्न लिइएको लक्ष्य : $१८५००**
**उपलब्धी : $७९५१**
**औशत : ४२.९७%**

## २) एनएलएफमा गरिएको योगदान विवरण

| क्र.सं | मिति | क्लबको नाम | दाताको नाम | योगदान रकम |
|---|---|---|---|---|
| १ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं | लायन नरेश खड्का | २५१०० |
| २ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं | लायन गोविन्द गौतम | ५१०० |
| ३ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन श्याम प्रसाद रुपाखेती | १५००० |
| ४ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन रमेश राज अर्याल | २५१०० |
| ५ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं | लायन विमला श्रेष्ठ | ५१०० |
| ६ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन गोविन्द प्रसाद काफ्ले | ५००० |
| ७ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन इश्वर निरौला | ५१०० |
| ८ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन सागरनाथ दंगाल | ५१०० |
| ९ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं | लायन श्याम बहादुर श्रेष्ठ | १५३०० |
| १० | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर | लायन तारा गुरुङ्ग | ५१०० |
| ११ | २०८२।०४।२२ | लायन्स क्लब अफ टोखा काठमाण्डौं | लायन सानुबाबु श्रेष्ठ | ५१०० |
| १२ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन दिपक चापागाई | ५१०० |
| १३ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं बागमती नर्थ | लायन मंगलदाश श्रेष्ठ | ५१०० |
| १४ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर | लायन चाँदनी गुरुङ | ५१०० |
| १५ | २०८२।०४।२३ | लायन्स क्लब अफ टोखा काठमाण्डौं | लायन रोशन श्रेष्ठ | ५१०० |
| १६ | २०८२।०४।२७ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन माधव घिमिरे | २५१०० |
| १७ | २०८२।०४।२७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन बच्चुराम शर्मा कुईकेल | ५१०० |
| १८ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन शारदा खड्का | ५१०० |
| १९ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं बागमती नर्थ | लायन श्याम कुमार श्रेष्ठ | ५१०० |
| २० | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं मेल्भीन जोन्स | लायन अर्जुन सेरचन | ५१०० |

| | | | | |
|---|---|---|---|---|
| २१ | २०८२।०५।०४ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | क्लब एनएलएफ | ५१०० |
| २२ | २०८२।०५।०४ | लायन्स क्लब अफ काठमाण्डौं कपन | लायन राधा बुढाथोकी | ५१०० |
| २३ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस | क्लब एनएलएफ | ५१०० |
| २४ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | लायन जानकी खड्का | ५१०० |
| २५ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | लायन सुजन मैनाली | ५१०० |
| २६ | २०८२।०५। ०९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन महेश आचार्य | २५००० |
| २७ | २०८२।०५। १७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन प्रमिला तामाङ | ५१०० |
| २८ | २०८२।०५। १७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन कमला लम्साल | ५१०० |
| २९ | २०८२।०५। १७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन गौतमी पुन | ५१०० |
| ३० | २०८२।०५। १७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन एलिना लुईटेल | ५१०० |
| ३१ | २०८२।०५। १७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन सोमडिम दोङ | ५१०० |
| ३२ | २०८२।०५। १७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन सिता थापा भट्टराई | ५१०० |
| ३३ | २०८२।०७।१६ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र दुलाल | ५००० |

**एनएलएफमा योगदान गर्न लिइएको लक्ष्य : १०,००,०००**

**उपलब्धी : २,६८,१००**

**औशत : २६.८१%**

## जोन मिटिङ सम्बन्धि विवरण

| क्र.सं. | मिति | जोन चेयरपर्सनको नाम | मिटिङ स्थल |
|---|---|---|---|
| १ | २०८२।०७।२२ | लायन गोविन्द गौतम, जोन ६ | फिनिक्स इन रेष्टुरेण्ट, गोकर्णेश्वर ५ |
| २ | २०८२।०७।१४ | लायन उदय राज पौडेल, जोन १२ | हिमाली घर रिसोर्ट, गोकर्णेश्वर ४ |
| ३ | २०८२।०७।१५ | लायन दुर्गा बहादुर थापा, जोन १५ | माछापुच्छ«े होटल, गोकर्णेश्वर ७ |
| ४ | २०८२।०७।१५ | लायन रोशन पन्त, जोन ७ | त्रिवेणी व्याङ्क्वेट, गोकर्णेश्वर ८ |
| ५ | २०८२।०७।१७ | लायन रमेश राज अर्याल, जोन ५ | फिनिक्स इन रेष्टुरेण्ट, गोकर्णेश्वर ५ |
| ६ | २०८२।०४।१८ | लायन प्रकाश महर्जन, जोन २ | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ७ | २०८२।०४।१८ | लायन शुष्मा ढकाल खतिवडा, जोन १ | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ८ | २०८२।०७।१९ | लायन ऋषिकेश पुडासैनी, जोन ९ | फिनिक्स इन रेष्टुरेण्ट, गोकर्णेश्वर ५ |
| ९ | २०८२।०७।२० | लायन विनोद गौचन, जोन १४ | यसुमी रेष्टुरेण्ट, दरवारमार्ग |
| १० | २०८२।०७।२१ | लायन केदार बहादुर कार्की, जोन ११ | तरहरा रेष्टुरेण्ट, कागेश्वरी मनहरा ८ |
| ११ | २०८२।०७।२३ | लायन सुशिला पराजुली बराल, जोन १६ | द क्याफे वर्ल्ड, गैरीधारा |
| १२ | २०८२।०७।२४ | लायन डिल्ली प्रसाद दुलाल, जोन ४ | त्रिवेणी व्याङ्क्वेट, गोकर्णेश्वर ८ |
| १३ | २०८२।०७।२५ | लायन बुद्धकृष्ण बजगाई, जोन १३ | कपन भिलेज रिसोर्ट, बुडानिलकण्ठ १ |

## शपथ ग्रहण, पदस्थापन तथा क्लब स्थापना

| क्र.सं. | मिति | क्लबको नाम | स्थान |
|---|---|---|---|
| १ | २०८२।०४।१९ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | होटल चौतारी, नगरकोट |
| २ | २०८२।०४।२३ | लायन्स क्लब अफ काठमाण्डौं आकर्षण | अनुपम फुडल्याण्ड, बत्तिसपुतली |
| ३ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं थली | व्यञ्जन पार्टी प्यालेस, थली |
| ४ | २०८२।०६।२५ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे र लियो क्बल अफ काठमाण्डौं डाँफे | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्व ५ |
| ५ | २०८२।०६।२५ | लायन्स क्लब अफ काठमाण्डौं योग साधना | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्व ५ |
| ६ | २०८२।०५।२१ | एरिया २ अन्तर्गतका ९ वटा लायन्स क्लब र ५ वटा लियो क्लबहरुको संयुक्त रुपमा भएको | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |

| | | | |
|---|---|---|---|
| ६ | २०८२।०५।२१ | एरिया २ अन्तर्गतका ९ वटा लायन्स क्लब र ५ वटा लियो क्लबहरुको संयुक्त रुपमा भएको | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ७ | २०८२।०६।३१ | एरिया ३ अन्तर्गतका २२ वटा लायन्स क्लब र १ लियो क्लबको संयुक्त रुपमा भएको | लालीगुराँस पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ८ | २०८२।०७।०१ | एरिया १ अन्तर्गतका १४ वटा लायन्स क्लबको संयुक्त रुपमा भएको | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ९ | २०८२।०७।२५ | लायन्स क्लब अफ काठमाण्डौं रोयल ठमेल (स्पोन्सर क्लब लायन्स क्लब अफ काठमाण्डौं मेल्भीन जोन्स) | नयाँ गठन भएको चार्टर प्रेजेन्टेशन, इण्डक्सन र इन्टलेशन बाँकी रहेको |

**प्रस्तुत तथ्याँङ्क नोभेम्वर ११, २०२५ दिनको १:३० बजे लायन पोर्टलबाट साभार गरिएको हो ।**

लायन बर्ष २०२५।२६ का सम्पूर्ण क्याविनेट पदाधिकारीहरु, क्लब पदाधिकारी तथा सदस्यज्यूहरुले यस बर्षलाई उत्कृष्ट बर्षको रुपमा अनुवाद गर्ने सक्रियताका साथ मन बचन र कर्मले आ-आफ्नो जिम्मेवारीमा इमान्दारीताका साथ कार्य गर्नु भएको व्यहोरा प्रश्तुत तथ्याँङ्कले चित्रण गरेको छ । डिष्ट्रिक्टका जिएटी टिमका पदाधिकारीज्यूहरुले आ-आफ्नो विधामा प्राप्त जिम्मेवारी पुरा गर्न तदारुपताका साथ लागि पर्नु भएको छ । यसैगरी चिफ एरिया कोअर्डिनेटर, एरिया कोअर्डिनेटर ज्यूहरु, रिजन तथा जोन चेयरपर्सन ज्यूहरुले पनि आ-आफ्नो मातहतमा रहेको क्लबहरुले प्राप्त गरेको जिम्मेवारी पुरा गर्न गराउन क्रियाशिल रहि आफ्नो मातहतमा रहेका क्लबहरुलाई उचित मार्गदर्शन गर्नु भएको छ । साथै सवै क्लबहरु लायन्स अन्तर्राष्ट्रियको हामि सेवा गर्छौं भन्ने मुल मर्मलाई आत्मसाथगर्दै सेवाको कार्याहरुमा, एलसिआईएफ तथा एनएलएफमा योगदान गर्ने कार्यमा र समयमै अन्तर्राष्ट्रिय, मल्टिपल डिष्ट्रिक्ट तथा डिष्ट्रिक्टमा बुझउनु पर्ने शुल्क भुक्तानी गर्ने गराउने कार्यमा र लायन पोर्टलमा आ-आफ्नो गतिविधिहरु रिपोर्टिङ्ग गर्ने कार्यमा सवै लायन साथिहरुको उत्तिकै क्रियाशिलताले डिष्ट्रिक्ट ३२५ डि ले यस बर्ष एउटा नयाँ उचाई हासिल गर्ने छ र गौरवान्वीत लायन **Exultant Lion** को परिचय स्थापित गर्न सक्नेछ भन्ने विश्वास जगाएको छ ।

अन्त्यमा दोश्रो नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङ लाई भव्य तथा सभ्य रुपमा सम्पन्न गर्न साथ सहयोग गर्नुहुने खाँदवारी नगरपालिका परिवार, उद्योग बाणिज्य संघका अध्यक्ष श्री डेक राज बस्नेतज्यू, खाँदवारी नगरपालिकाका बासिन्दा श्री विमल गौतमज्यू, होटल व्यवसायी नविन गौलीज्यू, लायन्स क्लब अफ काठमाण्डौं हिमालयजका संस्थापक अध्यक्ष लायन सुजन श्रेष्ठज्यू, लायन्स क्लब अफ काठमाण्डौंका पुर्व अध्यक्ष लायन जिवनाथ पोखरेलज्यू, स्थानिय शिक्षक कृष्ण चापागाईज्यू लगायत सम्पूर्ण खाँदवारी नगरबासीज्यूहरु तथा आयोजक क्लबका पदाधिकारी तथा सदस्यज्यूहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

धन्यवाद । जय लायन बाद ।।

भवदीयः

.............................................................

लायन बच्चुराम शर्मा कुईकेल
डिष्ट्रिक्ट क्याविनेट सेक्रेटरी
डिष्ट्रिक्ट ३२५ डि, एम डि ३२५, नेपाल
लायन बर्ष २०२५।२६